म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १३६ २०८२ चैत २५ गते बुधबार 8 April 2026, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## डेपुटी गभर्नर पण्डित

काठमाडौं : नेपाल राष्ट्र बैंकका नवनियुक्त डेपुटी गभर्नर किरण पण्डितले मंगलबार पद तथा गोपनीयताको शपथ लिएका छन् । गभर्नर प्रा.डा. विश्वनाथ पौडेलसमक्ष उनले शपथ लिएका हुन् । पण्डितले मंगलबार नै पदबहाली समेत गरे ।

मन्त्रपरिषद्को मंगलबार बसेको बैठकले पण्डितलाई डेपुटी गभर्नरमा नियुक्त गरेको थियो । शपथ ग्रहण समारोहमा गभर्नर पौडेलले डेपुटी गभर्नर पण्डितलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको निम्ति शुभकामना दिएका थिए । पण्डितले २ माघ २०६२ मा सहायक निर्देशकको रूपमा बैंक सेवा प्रवेश गरेका थिए ।

उनी २०६८ सालमा उप-निर्देशक, २०७४ सालमा निर्देशक हुँदै १ फागुन २०८१ मा कार्यकारी निर्देशकमा बढुवा भएका थिए । कार्यकारी निर्देशक रहँदा उनले भुक्तानी प्रणाली विभाग र विदेशी विनिमय व्यवस्थापन विभागको नेतृत्व गरेका थिए । उनले केही समय राष्ट्र बैंकको प्रवक्ताको समेत जिम्मेवारी सम्हालेका थिए । *स्रोत : अनलाइनखबर ।*

### बागमती प्रदेशसभा बैठक

# संघीय सरकारप्रति अपेक्षा र आक्रोश

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाको हिउँदे अधिवेशन ५ महिनाको अन्तरालपछि मंगलबारदेखि सुरु भएको छ । लामो समयपछि बसेको यो बैठकमा संघीयताको कार्यान्वयनमा केन्द्र सरकारको भूमिका, प्रशासनिक अस्थिरता र प्रदेशको बजेटमाथिको केन्द्रिय हस्तक्षेपका विषयमा सत्ता र प्रतिपक्षीका नेताहरुबीच अपेक्षासहित आक्रोश व्यक्त भएको छ ।

बैठकमा बागमती प्रदेश संसदीय दलका नेताहरुले संघीय सरकारको कार्यशैलीप्रति आलोचना गरेका छन् भने केहीले अपेक्षा राखेका छन् । बैठकमा दलका नेताहरुले समयसामयिक राष्ट्रिय राजनीति बारे धारणा राखेका थिए । बैठकमा धारणा राख्दै नेताहरुले केन्द्र सरकारबाट पूर्ण स्वायत्तता र अधिकार माग गरेका छन् । प्रशासनिक अस्थिरता, बजेटमा केन्द्रिय छायाँ र आर्थिक संकटले संघीयताको अभ्यासलाई चुनौतीपूर्ण बनाइरहेको उनीहरुको भनाई छ । बैठकमा बोल्दै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको 'संवैधानिक अधिकार प्राप्तिको आशा' र प्रतिपक्षी नेताहरुले 'केन्द्रप्रतिको आक्रोश' पोखेका छन् । उनीहरुले मंहगि नियन्त्रण, सुशासनको पक्षमा सरकार गम्भिर भएर अघि बढ्नु पर्ने बताए ।



*प्रदेश सभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बानियाँ ।*

बैठकलाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले वर्तमान संघीय सरकार र प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' संघीयताप्रति पूर्ण प्रतिवद्ध रहेको बताए । उनको सम्बोधनमा संघीय सरकारबाट आशासँगै संघीयताको संस्थागत विकासप्रति गम्भीर चिन्ता पनि झल्किन्थ्यो । उनले संघीयता प्रति चिन्ता व्यक्त गर्दै प्रधानमन्त्री बालेन प्रदेश सरकारप्रति सकारात्मक आशा व्यक्त गरे । उनले लामो समयदेखि केन्द्रमा रोकिएका प्रदेशका संवैधानिक अधिकारहरु अब 'फास्ट ट्र्याक' बाट प्राप्त हुने अपेक्षा गरे । मुख्यमन्त्री बानियाँले वर्तमान प्रधानमन्त्री आफैंले विगतमा स्थानीय तह (मेयर) को नेतृत्व गर्दा प्रशासनिक झमेला र अधिकारको अभाव भोगेकाले प्रदेशको पीडा नजिकबाट बुझ्ने दावी गरे । उनले कर्मचारी सरुवामा केन्द्रको मनपरीप्रति उनले असन्तुष्टि जनाए ।

'सम्माननीय प्रधानमन्त्रीज्यूले हिजो मेयर हुँदा भोग्नुभएको अप्ठ्यारो र विडम्बना हामीले सुनेका छौँ । त्यसैले उहाँले अहिलेको संघीयताको मर्म र सातवटै प्रदेशले भोगिरहेको कर्मचारी तथा प्रशासनिक समस्यालाई बुझेर छिट्टै समाधान गर्नुहुनेछ भन्ने हाम्रो विश्वास छ ।' उनले भने । उनले संघीय सरकारसँग प्रदेशका प्रमुख सचिव र सचिवहरूको पदस्थापन गर्दा कम्तीमा दुई वर्षको कार्यकाल सुनिश्चित गरिदिन आग्रह गर्दै समन्वय, सहकार्य र सह-अस्तित्व नै गणतन्त्रको मर्म भएको बताए ।

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया भने संघीय सरकारमाथि निकै आक्रामक रुपमा प्रस्तुत भए । उनले वर्तमान संघीय सरकार अधिनायकवादी बाटोमा हिँडेको र राजनीतिक प्रतिशोधमा उत्रिएको आरोप लगाए । नेता थपलियाले सरकारका पछिल्ला गतिविधिहरु लोकतान्त्रिक मूल्य र मान्यता विपरीत रहेको बताए । पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि सरकारले प्रतिशोधपूर्ण ढंगले कारबाही अघि बढाएकोमा आपत्ति जनाए । 'एमाले अध्यक्ष ओली र नेता लेखकलाई पक्राउ गरी हिरासतमा राख्ने कार्य निन्दनीय र आपत्तिजनक छ । यो सरकारको अधिनायकवादी प्रवृत्ति र असंवेदनशीलताको प्रत्यक्ष उदाहरण हो ।' उनले भने । उनले लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयमा सरकारको मौनताप्रति प्रश्न गर्दै वैदेशिक ऋणको भार बढाएर जनता ठग्ने काम भएको बताए ।

प्रमुख प्रतिपक्षी दल नेकपाका नेता एवम् पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेलले जेनजी आन्दोलन पछिको अवस्थालाई बुझेर अघि बढ्नु पर्ने अहिलेको अवस्था रहेको बताए । उनले सरकारले प्रदेश सभाबाट पारित भएको बजेटमा 'कैंची' चलाएर विधिको शासन उल्लंघन गरेको बताए । उनले रातो किताबमा परेका योजनाहरुको बजेट कटौती गरेर कार्यकर्तामुखी योजनामा रकमान्तर गरेकोमा बताए । जम्कट्टेलका अनुसार सरकारले चालुतर्फ २ अर्ब ३१ करोड र पुँजीगततर्फ ५ अर्ब २८ करोड गरी कुल ७ अर्ब ५९ करोड रुपैयाँ विनियोजित बजेटबाट कटौती गरेको छ । उनले सरकार विधिबाहिर चल्दा प्रदेशको प्रशासनिक संयन्त्र नै भताभुंग हुने चेतावनी दिए ।

'असार १ गते संसदमा पेश गरेर पास भएको बजेट कार्यान्वयन गर्न उपभोक्ता जाँदा बजेट जिरो छ । यो कस्तो शासन हो ? बजेट बनाउने र कार्यक्रम पास गर्ने पहिलो अधिकार प्रदेश सभाको हो, क्याबिनेटले धमाधम बहुवर्षीय योजना निर्णय गर्दै जाने यो गलत बाटो हो ।' उनले भने । बैठकमा पूर्वमुख्यमन्त्री एवम् कांग्रेस प्रदेश सभा सदस्य बहादुर सिंह लामाले पनि प्रशासनिक स्थिरतालाई नै सुशासनको आधार मानेका छन् । कर्मचारीको छिटो-छिटो सरुवा हुने परिपाटीले काम गर्ने वातावरण बिग्रिएको भन्दै उनले कम्तीमा एक वर्ष सचिवहरुलाई नचलाई काम गर्न दिनुपर्ने केन्द्रसँग माग गरे । लामाले बढ्दो महँगी र पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विषयमा संघीय सरकारको ध्यानाकर्षण गराए । 'संसदले जे पास गरेको छ, त्यसैलाई आधार मानेर सरकार चल्नुपर्छ, संसदलाई बाइपास गर्नु हुँदैन ।' उनले भने ।

राप्रपाका नेता उद्धव थापाले नेता थापाले बढ्दो महँगी र आर्थिक संकटबारे सरकारलाई मौन रहेको भन्दै आक्रोश व्यक्त गरे । नयाँ पुस्ता (जेनजी) ले देशमा सुशासन र परिवर्तन खोजेकाले सरकारले आफ्नो कार्यशैली नसच्याए फेरि अर्को आन्दोलन हुने चेतावनी दिए । उनले विधिको शासन र संविधानको सर्वोच्चता कायम गर्न सरकारलाई गम्भीर हुन आग्रह गर्दै राप्रपा जनताको पक्षमा जुनसुकै त्याग गर्न तयार रहेको बताए । उनले सरकारले जनताको भावना बुझ्न नसकेको र कुशासनको बाटो रोजेको आरोप लगाए । उनले पद अस्थायी हुने र कानुन मात्र स्थायी हुने भन्दै सरकारलाई घमण्ड त्याग्न आग्रह गरे । प्रदेश सरकारले संसदबाट पारित भएका १ हजार ६७१ वटा योजनाहरुमा 'कैँची' चलाएको भन्दै नेता थापाले असन्तुष्टि व्यक्त गरे ।

'७२ रुपैयाँको पेट्रोल २०२ पुग्यो, २१० को केरा २८० पुग्यो । सरकार के हेरेर बसेको छ ? यस्तो बेला सरकार जम्बो मन्त्रिमण्डल बनाएर रमाउन मिल्छ ?' उनले भने । नेमकिपाका नेता सुरेन्द्रराज गोसाईले भने नेपालमा वैदेशिक हस्तक्षेप चरम सीमामा पुगेको दाबी गरे । अमेरिकी दूतावासले सिधै युवा परिषद्का लागि आवेदन आह्वान गर्नु सार्वभौम सत्तामाथिको प्रहार भएको उनको तर्क थियो । उनले सरकारलाई ऋणको पासोमा फसेको आरोप लगाउँदै आत्मनिर्भरताको बाटो रोज्न आग्रह गरे । मंगलबार बसेको प्रदेशसभाको बैठकमा प्रदेश प्रमुख कार्यालयबाट प्राप्त पत्र वाचन गरिएको थियो भने बागमती प्रदेशसभाको तत्कालिन सभामुख भुवनकुमार पाठकको राजीनामा पत्र बारे जानकारी गराइएको थियो । प्रदेशसभाको अर्को बैठक बुधबार बिहान ११ बस्नेछ ।

### बागमतीमा सभामुख चयन प्रक्रिया सुरू गर्ने सहमति

# सभामुखमा ४ दलको दावी

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा नयाँ सभामुख चयनको प्रक्रिया अघि बढाउन राजनीतिक दलहरुबीच सहमति भएको छ । मंगलबार दिउँसो बसेको प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुको सर्वदलीय बैठकमा सत्तारुढ र विपक्षी दलहरु सभामुख नियुक्तिको प्रक्रियालाई अघि बढाउन सहमत भएका हुन् ।

उक्त सहमति अनुसार मंगलबार अपरान्ह ४ बजे बस्ने प्रदेश सभाको बैठकको कार्यसूचीमा सभामुखको विषयले प्रवेश पाएको छ । बैठकमा उपसभामुख अप्सरा चापागाईले तत्कालिन सभामुख भुवनकुमार पाठकले पदबाट दिएको राजीनामा पत्र प्रस्तुत गर्नुभएको छ । पत्र प्रस्तुत भएको १५ दिन भित्र सभामुख चयन प्रक्रियाका लागि कार्यतालिका तयार गर्नुपर्ने हुन्छ । संवैधानिक व्यवस्था अनुसार सभामुखको राजीनामा वा पद रिक्त भएको १५ दिनभित्र नयाँ सभामुख चयन गरिसक्नुपर्ने हुन्छ ।

प्रदेश सभाको बैठक ३ दिनसम्म चलाउने गरी कार्यसूचि बनाउने सहमति जुटेको हो । प्रदेश सभाको बैठकमा बुधबार विशेष समयको कार्यसूचि रहने छ भने बिहीबार केही विधेयक र प्रतिवेदनहरु पेश हुनेछ । सभामुख चयन प्रक्रिया सुरु भएसँगै प्रदेशसभामा रहेका ४ दलहरुले दावी गरेका छन् । एक सभामुख पदका लागि सत्तारुढ दल कांग्रेस, सत्ता साझेदार दल एमालेसहित प्रमुख प्रतिपक्षी दल नेकपा र राप्रपाले आ-आफ्नो दावी प्रस्तुत गरेका हुन् । सर्वदलीय बैठकमा ४ वटै दलका प्रदेश सभा सदस्यहरुले सभामुख पद आफूले पाउनु पर्ने माग गरेका हुन् ।

कांग्रेसका प्रदेश सभा सदस्य एवम् सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछानेले सदनको सबैभन्दा ठूलो दल हुनुको नाताले सभामुख पदमा कांग्रेसको दावी स्वाभाविक रहेको बताए । 'सभामुखका लागि आजबाट प्रक्रिया सुरु हुन्छ । संविधान अनुसार १५ दिनभित्र निर्वाचन सम्पन्न गर्नुपर्छ । ठूलो दलको नाताले कांग्रेसले सभामुख पद पाउनुपर्छ भन्ने हाम्रो अडान छ', उनले भने, 'सत्तारुढ दलहरूबीच सभामुख कसले लिने भन्नेबारे घनिभूत छलफल हुन बाँकी छ । राप्रपाले पनि मिलेर जाने बाटो बनाउन व्यवस्थापिका प्रमुख आफूले पाउनुपर्ने माग गरिरहेको छ भने एमालेले मुख्यमन्त्री अर्को दलको भएपछि सभामुख आफूले पाउनुपर्ने अडान राखेको छ ।'

सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपाका नेता शालिकराम जम्कट्टेलले शक्ति सन्तुलनका लागि सभामुख पद प्रतिपक्षीले पाउनुपर्ने तर्क अघि सारेका थिए । कार्यपालिका (सरकार) सत्तापक्षले चलाएपछि व्यवस्थापिका (सदन) को नेतृत्व प्रतिपक्षीलाई दिनु उपयुक्त हुने उनले बताए । उनका अनुसार सभामुख चयनको संवैधानिक प्रक्रिया आजैबाट सुरु भएको र १५ दिनभित्र यसलाई टुंग्याउनुपर्ने हुन्छ । सत्तापक्षले सहमति नगरे आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने उनको भनाई छ ।

'हामीले सरकारलाई तपाईंहरु सरकार चलाउनुस् । सदनको नेतृत्व हामीलाई दिनुस् भन्ने हाम्रो माग गरेका छौं । शक्ति सन्तुलनका लागि प्रतिपक्षीको दावी स्वभाविक हो । यसले एउटा राम्रो सन्देश पनि जान्छ र सदनमा काम गर्ने वातावरण पनि बन्छ', उनले भने, 'सहमति गर्ने कुरा सत्तापक्षको हातमा छ । यदि उहाँहरूले बहुमतको बलमा आफैँले राख्न खोज्नुभयो भने हामी उम्मेदवारी दिन्छौँ र प्रतिस्पर्धा गर्छौं । सभामुखका लागि एमाले र राप्रपाको पनि दाबी रहेको छ ।

जेनजी आन्दोलनका क्रममा तत्कालिन सभामुख भुवन कुमार पाठकले पदबाट राजीनामा घोषणा गरेका थिए भने असोज १ गते नै राजीनामा पत्र सदनमा पठाएका थिए । सो समयमा सदन चल्न नसकेका कारण औपचारिक रुपमा पेस हुन सकेको थिएन । सरकारले सदन नचलाई अधिवेशन अन्त्य गरेपछि उपसभामुख अप्सरा चापागाईले मंसिर ४ मा सभामुखको राजीनामा बारे जानकारी दिन सूचना जारी गरेकी थिइन् । उक्त सूचना मंगलबारको बैठकबाट पेश भई प्रक्रिया सुरु भएपछि आगामी १५ दिनभित्र नयाँ सभामुख नियुक्ति प्रक्रिया अघि बढ्नेछ ।

# बागमती प्रदेश उद्योग वाणिज्य महासंघमा वेदबहादुर निर्वाचित




समाज संवाददाता

हेटौंडा : नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अध्यक्षमा वेदबहादुर श्रेष्ठ निर्वाचित हुनुभएको छ । मंगलबार हेटौंडामा भएको निर्वाचनमा दुर्गा राज श्रेष्ठलाई पराजित गर्दै वेदबहादुर अध्यक्ष निर्वाचित हुनुभएको हो । सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष वेदबहादुरले ६१ दशमलव ०५ प्रतिशत मत प्राप्त गरी निर्वाचित हुँदा दुर्गा राजले ३८ दशमलव ९५ प्रतिशत मत प्राप्त गर्नुभयो ।

सोमबार महासंघको नवौं प्रदेश सभा तथा तेस्रो अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो । अधिवेशनबाट तेस्रो अध्यक्षको रुपमा वेदबहादुर निर्वाचित हुनुभएको हो । यसअघि संस्थापक अध्यक्ष दिनेश श्रेष्ठ हुनुहुन्थ्यो भने दोस्रो कार्यकालको अध्यक्ष दिलसुन्दर श्रेष्ठ हुनुहुन्थ्यो । मंगलबार भएको निर्वाचनमा वस्तुगत, एसोसिएट र जिल्ला/नगर गरी २ सय १७ मत खसेको थियो । उपाध्यक्षतर्फ जिल्ला/नगरमा मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णकुमार गुप्ता विजयी हुनुभयो । गुप्ताले थाहा नगरका कविराज खत्रीलाई पराजित गर्नुभएको हो । जिल्ला/नगरतर्फ ३१ मत खस्दा गुप्ताले २१ मत प्राप्त गर्नुभयो भने खत्रीले १० मत प्राप्त गर्नुभयो । एसोसिएट उपाध्यक्षतर्फ कृष्णभक्त श्रेष्ठ सर्वसम्मत निर्वाचित हुनुभयो । वस्तुगत उपाध्यक्षतर्फ प्रेमहरि मैनाली १४ मतसहित निर्वाचित हुँदा अर्का आकांक्षी राजकुमार दाहाल (६ मत) पराजित हुनुभयो । कोषाध्यक्षमा धादिङ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रुद्रबहादुर खत्री ९७ मतसहित विजयी हुँदा जीवनकाजी माकजु श्रेष्ठ ६६ मतसहित पराजित हुनुभयो ।

कार्यकारिणी सदस्यमा जिल्ला/नगरतर्फ कृष्णमुरारी न्यौपाने (भक्तपुर), जयप्रकाश श्रेष्ठ (रामेछाप), राजकुमार कँडेल (चितवन), राजन कार्की (काभ्रेपलाञ्चोक) र सनत थापा (दोलखा) सर्वसम्मत निर्वाचित हुनुभयो । एसोसिएटतर्फ कार्यकारिणी सदस्यमा उत्तम शर्मा ढकाल (मकवानपुर) र नविन्द्र देव सिं निर्वाचित हुनुभयो भने कार्यकारिणी सदस्यमै वस्तुगततर्फ ज्योतिरत्न बज्राचार्य (मकवानपुर) र सदिश श्रेष्ठ निर्वाचित हुनुभएको छ ।

# ३ जना विद्यार्थीको जलेर मृत्यु

महोत्तरी : महोत्तरीमा दुई मोटरसाइकल आपसमा ठोकिँदा आगलागी भई तीन जना विद्यार्थीको जलेर मृत्यु भएको छ । उक्त दुर्घटनामा थप तीन जना विद्यार्थी गम्भीर घाइते भएको प्रहरीले जनाएको छ । मृतक तथा घाइतेको हालसम्म पहिचान खुल्न नसकेको महोत्तरीका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्र कुमार भट्टले जानकारी दिए ।

जलेश्वर-बर्दिबास सडकखण्डअन्तर्गत एकडारा गाउँपालिका-५ स्थित बथनाहा गाउँमा आज विपरीत दिशाबाट आइरहेका दुई मोटरसाइकल एकापसमा ठोक्किएका थिए । ठोक्किएसँगै दुवै मोटरसाइकलमा आगलागी हुँदा तीन जना विद्यार्थीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर र एक जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । उनीहरुको जलेश्वरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा मोटरसाइकल पूर्ण रूपमा जलेका कारण नम्बर प्लेटसमेत नदेखिने अवस्थामा रहेको प्रहरीले जनाएको छ । मृतक तथा घाइतेहरू एसईई परीक्षा दिएर फर्किरहेका विद्यार्थी रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । *स्रोत : अनलाइनखबर ।*

### मतदाता नामावली अद्यावधिक गर्न सुरू

# ३ दिनमा ३२ जनाले नाम दर्ता गराए

समाज संवाददाता

हेटौंडा : मकवानपुरमा ३ दिनमा ३२ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् । गत मंसिर देखि रोकिएको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम आईतबारदेखि सुरु भएको छ ।

पहिलो ३ दिनमा ३२ जना नयाँ मतदाताले नाम दर्ता गराएका छन् भने ७ जनाले अद्यावधिक गराएका छन् । मंगलबार मात्रै १० जनाले कार्यालयमा आएर फोटो खिचाएको बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ । गत फागुनमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनका कारण मंसिरदेखि नामावली संकलन तथा अद्यावधिक कार्यक्रम स्थगित भएको थियो ।

चैत १८ गते बसेको निर्वाचन आयोगको बैठकले आईतबारदेखि मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम पुन: सुचारु गर्ने निर्णय गरेको थियो । मतदाता नामावली दर्ता गर्दा मतदाताको ठेगाना जहाँ भएपनि देशभर रहेका जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयबाट सजिलै सेवा लिन पाउनेछन् । नामावली जहाँ दर्ता गरिएपनि मतदाता नामावली मतदाताको स्थायी ठेगानामै कायम हुने व्यवस्था रहेको छ ।




**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

# आशा र अन्यौल

फागुन २१ को आम निर्वाचन पछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) झण्डै दुईतिहाई मतसहित प्रतिनिधिसभामा ठूलो दल बनेको छ । रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह शक्तिशाली सरकारको प्रमुख हुनुभएको छ । पर्याप्त जनमतपछि यतिबेला रास्वपा आमरुपमा चासोको मुद्दा बनेको छ । प्राप्त जनमतको संरक्षण र उपयोग गर्ने गरी सरकार अगाडि बढ्नुपर्छ । सरकार गठन भएको दोस्रो साता मात्रै भइरहँदा धेरै सकारात्मक संकेत समेत देखिएको छ । यसबाट आमरुपमा मानिसहरु खुसी छन् भने कहीँ कतै असन्तुष्टि या स्वभाविक गुनासाहरु रहन सक्छ ।

बालेन्द्र शाह नेतृत्वको संघीय सरकार गठन भएर दोस्रो साता चलिरहँदा बालेन्द्र सरकारले उल्लेखनीय कार्य गर्दै आएको छ । एकैपटकमा मन्त्रिपरिषद् गठन गरेर १ सय बुँदाका कार्यसूचि सार्वजनिक गरेको बालेन्द्र सरकारले गुण्डागर्दी नियन्त्रण र सुशासन कार्यान्वयनमा पनि महत्वपूर्ण काम गरेको छ । सरकारी कार्यालयमा बिचौलिया नियन्त्रणको सन्दर्भ होस् या सार्वजनिक सम्पतिको संरक्षणमा केन्द्र सरकारको अग्रसर सराहनीय र लोभ लाग्दो छ । एसईईको नतीजा छिटो १५ दिनभित्रै सार्वजनिक गर्ने प्रयासबीच एक महिनाभित्र नै कपि जाँच गरेर नतीजा सार्वजनिक गर्नुपर्ने भनिसकेको छ ।

बालेन सरकारको क्रियाकलापले सबैलाई आशा जगाएको छ । सकारात्मक र रचनात्मक कामको प्रयासले आम नागरिकमा अवसरको अपेक्षा छ भने बालेन सरकारको तीव्रता छोटो अवधिका लागि मात्रै पो हुने हो कि भन्ने आशंका छ । सामाजिक सञ्जालमा विरोधीहरुले अनेकौं निबन्ध लेख्ने गरेका छन् । बालेन्द्र नेतृत्वको सरकार विज्ञ र जानकारहरुको ज्ञान, सीप र दक्षताको सहयोगमा बनेको सरकार पनि हो । यसर्थ बालेन्द्र सरकारप्रति आशाको ठूलो भारी छ । साथै छोटो अवधिमा तयार भएको जनमतलाई जतन गर्ने, सम्वर्द्धन गर्न नसकेर समस्या पो हुने हो कि भन्ने पनि अन्यौल पनि आमरुपमा छ ।

नागरिकले पनि आशा र अन्यौललाई सन्तुलित बनाइराख्ने तर्फ ध्यान दिनुपर्छ । सरकारका कामको गुण र दोषका आधारमा धन्यवाद दिने कि सच्चिन आव्हान गर्ने भन्नेमा नागरिक सचेत हुनुपर्छ । नयाँ शक्तिको रुपमा स्थापित रास्वपाको कामलाई पनि वस्तुनिष्ठ भएर हेरिएन, बुझिएन र सोहीअनुरुप व्यवहार गरिएन भने बलियो जनमत पाएको पार्टी रास्वपा पनि साविककै दलहरुको प्रवृत्तिमा रुपान्तरण हुने जोखिम रहनेछ । सरकारले एकसाथ समग्र क्षेत्रमा काम गर्न चाहेको छ । आजको विश्व बजार अनुरुप आफूलाई उतार्न आम नागरिक पनि सचेत भएर अगाडि बढ्नुपर्छ । सरकार, निजी क्षेत्र, नागरिक समाज र प्रतिपक्षी दल समेत सन्तुलित ढंगबाट अगाडि बढ्ने हो भने सरकारको कामको तीव्रतालाई गन्तव्यसम्म सुरक्षित तवरबाट पुऱ्याउन सकिन्छ । समग्र विकासको सन्दर्भमा हामी निक्कै पछाडि छौं । जसका कारण तीव्र गतिमा सामाजिक रुपान्तरणमा ध्यान दिनु जरुरी छ । संघीय सरकारको युवा संरचनाले अपेक्षित सुधारका लागि आफ्नो उपस्थिति सावित गर्नेमा आशावादी हुनुको विकल्प पनि छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : नयाँ कामको थालनी हुने समय योग रहेको छ । |
| वृष | : नैराश्यता र चिडचिडेपन बढ्न सक्ने योग छ । |
| मिथुन | : पारिवारिक जमघट बढ्ने समय योग छ । |
| कर्कट | : साहित्यिक कार्यमा मन जाने समय योग छ । |
| सिंह | : रोकिएको धन हात पर्न प्रयास गर्नुपर्ला । |
| कन्या | : मन कमजोर र मानसिक तनाव बढ्ने छ । |
| तुला | : बुद्धि र विवेकको उपयोगले काममा पूर्णता प्राप्त होला । |
| वृश्चिक | : कामधन्दामा मज्जाले खट्नुपर्ने समय छ । |
| धनु | : धार्मिक एवम् पारम्परिक काममा सरिक भइएला । |
| मकर | : संयमताले काम अगाडि बढाउँदा राम्रो । |
| कुम्भ | : रमाइलो यात्रामा सरिक भइने समय योग छ । |
| मीन | : स्वास्थ्य स्थितिमा ध्यान पुऱ्याउँदा राम्रो रहन्छ । |

# प्रधानमन्त्रीका तीन चुनौती



✍डा. सृष्टि राणा



नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको केही समय अगाडि सपथ ग्रहण हुँदा, मलाई केही विदेशी प्रोफेसरहरूले उनका बारेमा सोधे ।

धेरै देशहरूमा राजनीतिक प्रियतावादको लहर चलेकाले उनीहरूले बालेन शाहको उदयलाई त्यसरी नै बुझेका रहेछन् । विदेशीहरूको अगाडि, त्यो पनि विदेशमा, नेपाल र नेपालीहरूको राम्रो मात्र कुरा भन्न मन लाग्दो रहेछ । त्यसैले मैले हाम्रा नयाँ युवा प्रधानमन्त्रीको सकेसम्म तारिफ गरें ।

मैले उनीहरूलाई बालेन साहको उदय प्रियतावादी लहरभन्दा पनि राजनीतिमा युवा नेतृत्वको लहरको रूपमा बुझ्न आग्रह गरें ।

धेरैले उनलाई सफा नियत भएको इमानदार व्यक्तिको रूपमा बयान गर्ने कुरा पनि सुनाएँ । राजनीति गर्ने भन्दा जनताका लागि काम गर्ने उनको छवि भएकाले धेरै जनताले उनलाई रोजेको कुरा बुझाएँ । तर विदेशी प्रोफेसरहरूले मबाट अलि आलोचनात्मक टिप्पणीको आश गरेका थिए ।

विश्वभरका उदाहरण हेर्दा क्रान्ति वा विद्रोहपछिका परिणाम अपेक्षा गरे जस्ता सकारात्मक छैनन् । संरचनात्मक चुनौतीहरूले गर्दा प्रायः विकासशील देशहरूमा क्रान्ति वा विद्रोहले जनताको दैनिक जीवनमा आशा गरेजस्तो सकारात्मक परिवर्तन ल्याउन सकेको छैन ।

पछिल्लो समयमा अरब क्रान्तिलाई यसको उदाहरणको रूपमा प्रस्तुत गरिन्छ । 'यस्तो अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा नेपाल कसरी अपवाद होला र ?', भनेर उनीहरूले मलाई प्रश्न गरे । फेरी उनीहरूलाई बालेन शाह दक्षिणपन्थी प्रयतावादी लहरको उपज हो कि भन्ने शंका पनि लागेको रहेछ ।

मैले भने नेपालको वि.स २००७ सालदेखि पटक पटक भएका क्रान्तिहरूको पृष्ठभूमि सुनाएर आफ्नो प्रतिवाद गरें ।

क्रान्तिहरूको विशिष्ट परिवेश भएकाले नेपाली जनताहरू अरू देशका जनताहरूभन्दा सशक्त छन्, त्यसैले नेपालमा अहिलेको परिवर्तन प्रगतिशील नै हुन्छ भनेर उनीहरूसँग तर्क गरें । मेरो तर्कबाट विश्वस्त भएर ती प्रोफेसरहरूले पश्चिममा लोकतन्त्र, विशेष गरेर अमेरिकामा पनि नेपालमा जस्तै नैतिकवान युवा नेतृत्वको खाँचो छ भने । मैले दृढता पूर्वक 'नेपालमा अब जे हुन्छ, राम्रै हुन्छ' भनेर तर्क त गरेँ । तर भोलि त्यसो भएन भने ती प्रोफेसरहरूले मेरो विश्लेषण कति कमजोर रहेछ भनेर खिसी गर्लान् कि भन्ने चिन्ता पनि लाग्यो । त्यसैले आफ्नो विश्वसनीयता जोगाउन भएपनि नेपालका नयाँ प्रधानमन्त्री सफल होऊन् भन्ने मेरो शुभेच्छा छ ।

एउटा युवा, हाँस्न, खेल्न, घुम्न अनि गाउन छोडेर देशमा केही गर्छु भनेर लागेका छन्, फेरि नेपाली जनताले पनि उनलाई असीम विश्वास र भरोसा गरेका छन् । उनी हाम्रो देशका अधिकांश युवाहरूले रुचाएका व्यक्ति हुन् । उनी सफल भए भने, सबै युवाहरू सफल हुन्छन् ।

युवाहरू सफल भए भने, देश कसरी असफल रहन सक्ला र ? त्यसैले सफल हुनको लागि उनले सम्बोधन गर्नु पर्ने तीन मुख्य चुनौती छन् ।

### कर्मचारीतन्त्रको बाधा अवरोध

बेलायतका टोनी ब्लेयरले प्रधानमन्त्री भएपछि आफ्नो भाषणमा भनेका थिए- 'मैले प्रधानमन्त्री भएपछि थाहा पाएको सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको प्रधानमन्त्रीले निर्णय गर्दैमा वा आदेश दिँदैमा त्यो कुरा लागु हुन्छ भन्ने छैन ।' नेपालको हकमा पनि यो कुरा कति सही छ भनेर त हामीले विगतमा कयौं उदाहरण देखेका छौं ।

नयाँ प्रधानमन्त्रीलाई सफल हुनबाट रोक्ने सबैभन्दा ठूलो बाधक कर्मचारीतन्त्र हो । गिरिजाप्रसाद कोइरालादेखि पुष्पकमल दाहाल र केपी शर्मा ओली समेत आफ्ना क्षमताका कारण असफल भएका होइनन् । सुरुका दिनहरूमा उनीहरूको नियत पनि देश बनाउने नै देखिन्छ ।

तर, कर्मचारीतन्त्रमा आवश्यक सुधार ल्याउन नसक्दा उनीहरू आफ्ना उद्देश्य प्राप्त गर्न असफल भए । विश्वभर नै कर्मचारीतन्त्र आमूल परिवर्तनको बाधक मानिन्छ ।

किनभने, यो संरचनात्मक रुपमै त्यसको लागि बनेको हुँदैन । कर्मचारीहरूलाई अर्को निर्वाचन लड्नुपर्ने बाध्यता पनि हुँदैन । त्यसैले संसारभर कर्मचारीतन्त्रले यथास्थितिवादलाई नै प्रश्रय दिन्छ भन्ने मान्यता छ ।

नेपालमा पनि त्यस्तै भयो । यसले गर्दा जनताले चाहेका परिवर्तनहरू विगतका नेतृत्वले दिन सकेनन् । तर, यो बृहत् संरचनात्मक समस्याको साथै नेपालको कर्मचारीतन्त्रका आफ्नै विशिष्ट समस्याहरू छन् ।

नेपालको कर्मचारीतन्त्र (यसमा न्यायालय र सुरक्षा निकायहरू पनि पछि छैनन्)ले जहिले पनि सम्पूर्ण रूपमा शासक वर्गको हितमा मात्रै काम गऱ्यो ।

आम जनतालाई यसले जहिले पनि प्रताडित नै गरेको महशुस गराएको छ । यस पृष्ठभूमिमा नयाँ प्रधानमन्त्रीको सबैभन्दा मुख्य चुनौती भनेको कसरी कर्मचारीतन्त्रलाई शासकबाट जनताको सेवक बनाउनु हो ।

साथै कसरी सरकारी सेवालाई निजी क्षेत्रको सेवा जस्तै चुस्त र प्रभावकारी बनाउने भन्ने चुनौती पनि उत्तिकै छ । यदि नयाँ प्रधानमन्त्रीले कर्मचारीतन्त्रमा आवश्यक संरचनात्मक परिवर्तन गर्न सक्नुभएन भने, कस्मेटिक सुशासनका सुधारहरूले मात्र जनताले खोजेको रुपान्तरण सम्भव छैन ।

### आर्थिक नीतिका कठिनाई र द्विधा

अहिलेको नवउदारवादी आर्थिक व्यवस्थाको वर्चस्व भएको विश्वमा नेपाल जस्तो आर्थिक रूपले सीमान्तीकृत देशहरूलाई आर्थिक सुधार गर्न विश्वस्तरकै संरचनात्मक बाधाहरू छन् । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू मात्र होइन, अन्तर सम्बन्धित विश्व अर्थतन्त्रमा, बहुराष्ट्रिय कम्पनीहरूको पनि प्रभाव बढ्दो छ । हालैको एक प्रतिवेदन अनुसार एप्पल कम्पनीको कुल बजार पुँजीकरण विश्वका देशहरूको कुल घरेलु उत्पादनसँग तुलना गर्ने हो भने, यो विश्वको सातौं स्थानमा पर्दछ ।

यस्तो विश्व अवस्थामा ठूला र सम्पन्न देशहरूले त आफ्नो आवश्यकताअनुसार आर्थिक नीति लागु गर्न सक्दैनन् भने, त्यसो गर्न नेपाललाई अत्यन्तै चुनौतीपूर्ण छ ।

उदारवादी अर्थतन्त्र नअँगाल्दा विश्व अर्थतन्त्र उल्टो दिशामा हुने र उदारवादी अर्थतन्त्र अपनाउँदा चरम आर्थिक असमानता बढ्ने जोखिम छ ।

नेपालकै उदाहरण हेर्ने हो भने पनि आर्थिक उदारीकरणभन्दा पहिला सन् १९८५ मा नेपालको आर्थिक असमानता (जसलाई गिनी सूचकाङ्कमा मापन गरिन्छ) ०.३० थियो भने आर्थिक उदारीकरण पछि त्यो सन्.१९९५-९६ मा ०.४३ मा वृद्धि भएको थियो ।

जबकी लोकतन्त्र आएपछि आर्थिक असमानता घट्छ होला भन्ने सबैको अपेक्षा थियो । यो बढ्दो आर्थिक असमानता हाम्रो सामाजिक असमानतासँग खप्टिन पुगेको थियो । जुन अवस्था माओवादी सशस्त्र विद्रोह सुरु गर्ने वस्तुगत पृष्ठभूमि बन्यो ।

माओवादी नेतृत्वको सरकारले त उदारवादी अर्थतन्त्रको विकल्प खोज्न सकेन भने अरू कसैसँग त्यो आशा राख्न पनि सकिँदैन ।

तर, उदारवादी अर्थतन्त्र अपनाउँदै गर्दा आर्थिक असमानतालाई कसरी न्यूनीकरण गर्ने भन्ने ध्यान नपुग्दा भने फेरि विद्रोह हुन सक्छ भनेर गत भदौको विद्रोहले देखाइसकेको छ ।

यो विद्रोहका संरचनात्मक कारणहरू खोतल्ने हो भने आर्थिक असमानता मुख्य हो । पछिल्लो समयमा नेपालको आर्थिक असमानतामा तीव्र वृद्धि भएर विश्वकै उच्च विन्दु (१५७ देशहरूमध्ये १३८ औं)स्थानमा पुगेको थियो । एउटा प्रतिवेदन अनुसार नेपालमा १० प्रतिशत धनीको सम्पत्ति ४० प्रतिशत गरिब जनताको भन्दा तीन गुणा बढी छ ।

उदारवादी आर्थिक नीति अपनाए पनि कसरी आर्थिक असमानता न्यून गर्ने भन्ने सिक्नका लागि नर्डिक देशहरु उत्तम उदाहरण हुन सक्छन् ।

त्यसैले नयाँ प्रधानमन्त्रीको चुनौती भनेको रास्वपाको वाचापत्रमा भएको आर्थिक वृद्धि हासिल गर्नु मात्र नभएर उदारवादी आर्थिक संरचनामा आर्थिक असमानतालाई न्यूनीकरण गर्न सक्नु पनि हो ।

यदि आर्थिक वृद्धि असमान भयो भने जति नै प्रगति भए तापनि जनताले राहत महशुस गर्दैनन् भन्ने त बंगलादेशको युवा विद्रोहको उदाहरणले पनि देखाएको छ ।

### भूराजनीतिक शक्ति सन्तुलन

अहिलेको बहुध्रुवीकृत व्यवस्थामा लम्कँदै गरेको विश्वमा नेपालका दुई छिमेकी, विश्वमा अमेरिकाको एकाधिकार प्रभुत्वको चुनौतीका रूपमा उदाएका छन् । त्यसैले यी तीन शक्तिबीच प्रतिस्पर्धा अत्यन्तै कडा छ, जुन नेपालमा आफ्नो प्रभाव जमाउने हकमा पनि लागु भएको देखिन्छ । यस्तो अवस्थामा नेपालले आफ्नो विगतमा अपनाएको शक्ति सन्तुलनको रणनीतिलाई अहिलेको आवश्यकता अनुसार परिमार्जन गर्नु नयाँ प्रधानमन्त्रीको अर्को मुख्य चुनौती हो ।

वि. सं २०७९ को चुनावपछि सरकार बेलाबेलामा परिवर्तन भइरहनुमा हाम्रो आन्तरिक कमजोरी मात्र नभएर भू-राजनीतिक चलखेल पनि जिम्मेवार रहेको प्रष्ट नै देखिन्छ ।

विगतका घटना क्रमलाई हेर्दा के देखिन्छ भने बीआरआइ नेपालका नेताहरूलाई उम्कनै नसक्ने चक्रव्यूह भएको थियो । सम्झौता भइसकेकाले बीआरआइ कार्यान्वयन भएन भने उत्तरको छिमेकी चीन(जुन विश्वको दोस्रो शक्ति पनि हो)ले दबाब दिनेछ । तर, कार्यान्वयनका लागि अलि अगाडि बढ्यो कि हाम्रो नजिकको छिमेकी भारत र विश्वकै शक्तिशाली देश अमेरिकालाई असह्य हुने अवस्था रहन्छ । नयाँ प्रधानमन्त्रीलाई पनि बीआरआइ जस्ता विषयहरूलाई कसरी सम्बोधन गरेर भू-राजनीतिक शक्ति सन्तुलन मिलाउने भन्ने चुनौती छ ।

अहिले चीन र अमेरिकाबीचको शक्तिको अन्तर पहिलाभन्दा धेरै घटेको छ । छिट्टै चीनको शक्ति अमेरिकाकै हाराहारीमा पुग्ने अनुमानहरू पनि छन् ।

कुनै पनि मुलुक विश्वको शक्तिशाली हुनका लागि पहिला ऊ क्षेत्रीय रूपमा शक्तिशाली हुनु अनिवार्य हुन्छ । त्यसैले यदि बीआरआइ चीनले चाहे जस्तो कार्यान्वयन भएन वा सम्झौता रद्द भयो भने, पहिलो शक्ति हुने दौडमा रहेको चीनले आफ्नो क्षेत्रीय प्रभुत्वतामाथिको चुनौती बुझेर नेपाललाई अकल्पनीय क्षति गर्न सक्छ ।

यदि बीआरआइलाई सशक्त रुपमा कार्यान्वयनका लागि अगाडि बढाईयो भने भारत र अमेरिकालाई अमान्य हुन सक्छ । यसलाई रोक्न झण्डै दुई तिहाइकै सरकार ढाल्न पनि उनीहरू पछि हट्ने छैनन् । बीआरआइ त एउटा उदाहरण मात्र हो । वर्तमान विश्व परिस्थितिले नेपालका लागि शक्ति सन्तुलनका लागि यस्ता प्रचुर चुनौतीहरू खडा गरेको छ ।

यस्ता चुनौतीहरू रणनीतिक हिसाबले सम्बोधन गरेर देशको सार्वभौमिकता जोगाउनु नयाँ प्रधानमन्त्रीको अर्को मुख्य चुनौती हो ।

माथि उल्लिखित मुख्य चुनौतीहरूलाई सम्बोधन गर्न सके हाम्रा नयाँ युवा प्रधानमन्त्रीलाई नेपाली इतिहासकै सबैभन्दा सफल प्रधानमन्त्री बन्ने अवसर छ ।

जनताले झण्डै दुई तिहाइले उनलाई सहज बहुमत दिएका छन् जसले गर्दा विगतका गणतान्त्रिक प्रधानमन्त्रीहरूले भोगेका गठबन्धनको चुनौतीहरू उनले भोग्नु पर्ने छैन । उनले आरामसाथ जनताको दैनिक जीवन सुधार गर्न संरचनात्मक परिवर्तनहरू लागु गर्न सक्छन् ।

अन्त्यमा मलाई डेनमार्कको एउटा पूर्वमन्त्री तथा बरिष्ठ नेताले भनेको सन्दर्भ जोड्न मन लागेको छ । मैले उनलाई 'सरकारमा गएर सफल हुनका लागि एउटा नेताले के गर्नु पर्छ ?' भनेर सोधेको थिएँ । मेरो प्रश्नको उत्तर दिँदै उनले भनेका थिए, 'सरकारमा गएपछि जस्तै त्यागी नेता पनि पदको आसक्ति र आडम्बरमा अलमलिन पुग्छन् । शक्तिको अन्तरनिहित चरित्र नै यस्तो हुन्छ कि यो नशा बन्न थाल्छ । यदि यो नशाबाट बच्न सकेर शक्ति जति नै आकर्षक भए तापनि यो कसैको लागि स्थायी हुन सक्दैन भनेर आत्मसात् गर्न सक्यो र आफ्नो मुख्य उद्देश्य जनताको जीवनमा सुधारलाई – प्राथमिकतामा राख्न सक्यो भने मात्र सरकारमा गएका कुनै नेता असफल हुँदैनन् ।'

उनले पदको आडम्बरमा नअलमलिएकै कारण आफू सफल भएको पनि बताएका थिए । यो अनुभव हाम्रा नयाँ युवा प्रधानमन्त्रीलाई पनि सान्दर्भिक हुन सक्छ । *(स्रोत: अनलाईनखबर)*

# जनयुद्धको उपलब्धि, विचलनको पीडा र इमानदार नेतृत्वको खोजी

✍विजय केसी 'विकल्प'

नेपालको इतिहासमा महान् दश वर्षे जनयुद्ध केवल एक सशस्त्र सङ्घर्ष मात्र थिएन, त्यो उत्पीडित वर्ग, क्षेत्र र लिङ्गका लाखौँ भुइँमान्छेहरुको चेतनाको विस्फोट थियो । सदियौँदेखि दबाइएका आवाजहरूलाई बोल्ने हिम्मत दिलाउने, अन्याय र अत्याचारविरुद्ध उभिने साहस दिने, र 'मान्छे-मान्छेबिच कुनै भेदभाव हुँदैन' भन्ने समानताको मूल मन्त्र स्थापित गर्ने यो आन्दोलनले देशको राजनीतिक संरचनामा गहिरो परिवर्तन ल्यायो ।

राजतन्त्रजस्तो वंशका आधारमा चल्ने अवैज्ञानिक र अव्यावहारिक व्यवस्थालाई समाप्त पार्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु जनयुद्धकै ऐतिहासिक उपलब्धि हो । यो परिवर्तन केवल सत्ता परिवर्तन थिएन, यो चेतनाको परिवर्तन थियो, जहाँ अधिकार मागेर होइन, सङ्घर्ष गरेर हासिल गर्नुपर्छ भन्ने बुझाइ जनमानसमा स्थापित भयो ।

तर, आजको यथार्थ यस गौरवपूर्ण इतिहाससँग मेल खाँदैन । जनयुद्धले अन्त्य गर्न खोजेको वर्गीय विभाजन-धनी र गरिब, शासक र शासितबिचको खाडल-झनै नयाँ रुपमा पुन:स्थापित भएको छ । विडम्बना के छ भने, यही आन्दोलनको नेतृत्व गर्ने पार्टी र त्यसका नेता-कार्यकर्ताहरू स्वयं दुई ध्रुवमा विभाजित भएका छन् । एउटा वर्ग सत्ताको स्वादसँगै सम्भ्रान्त जीवनशैलीमा रूपान्तरण भएको छ भने अर्को वर्ग अझै पनि सङ्घर्षमै, सुकुम्बासी जीवन बिताउन बाध्य छ । यो केवल विभाजन होइन, यो आदर्शको पतन हो ।

यसबिचमा अर्को खतरनाक शक्ति उभिएको छ- बिचौलिया वर्ग । यो वर्ग न त स्पष्ट रूपमा शासक हो, न त शोषितस तर यसको भूमिका शोषकको सेवकका रूपमा देखिन्छ । यिनीहरू सम्भ्रान्त बनेका नेताहरूको गुणगानमा रमाउँछन्, उनीहरूका कमजोरीहरूलाई ढाकछोप गर्छन् र इमान्दार आलोचनालाई दबाउने काम गर्छन् । अझ गम्भीर कुरा त के हो भने, यिनीहरू आफ्नै सहकर्मीहरूलाई हेप्ने, दमन गर्ने र तिरस्कार गर्ने प्रवृत्तिमा संलग्न छन् ।

यो बिचौलिया प्रवृत्ति केवल राजनीतिक विचलन होइन, यो नैतिक पतनको सङ्केत हो । यसले जनयुद्धले स्थापित गरेका मूल्य, आदर्श र लक्ष्यहरूलाई क्रमश: नष्ट गरिरहेको छ ।

आजको अवस्थामा आइपुग्दा, हिजोको माओवादी विचार, सङ्गठन र संरचना क्रमश: विलोप हुने स्थितिमा पुगेका छन् । जनमुक्ति सेना, जनसत्ता, जनअदालतजस्ता संरचनाहरू केवल इतिहासका पानामा सीमित हुँदै गएका छन् । आन्दोलनले जन्माएका सामाजिक मूल्यहरू समेत कमजोर बन्दै गएका छन् । यसरी, देशको राजनीतिक दिशा त्यहीँतिर मोडिएको देखिन्छ, जहाँ साम्राज्यवादी शक्ति केन्द्रहरूको अनुकूलता छ । यो केवल संयोग होइन, यो नेतृत्वको असफलता र विचलनको परिणाम हो ।

### बिचौलिया वर्गको चरित्र

नेपालको समकालीन राजनीतिक यात्रामा एउटा यस्तो वर्ग तीव्र रूपमा उदाउँदै गएको छ, जसले न त प्रत्यक्ष रूपमा सत्ता सम्हालेको छ, न त श्रम र उत्पादनसँग जोडिएको छ, तर प्रभावका हिसाबले अत्यन्तै शक्तिशाली बनेको छ । यो हो-बिचौलिया वर्ग ।

यो वर्ग कुनै एक क्षेत्रमा मात्र सीमित छैनस राजनीति, प्रशासन, व्यापार, सामाजिक सङ्गठन, यहाँसम्म कि बौद्धिक वृत्तमा पनि विभिन्न रूप र आवरणमा फैलिएको छ ।

...बाँकी पृष्ठ ३ मा

# रुख



**✍रेमोन गौतम**

रूखले दिन्छ हामीलाई शीतलता
रूखसँग जोडौं हामी मित्रता
पृथ्वी भरि छन् धेरै सुख
सफा हावाका साथमा रूखले दिन्छ धेरै सुख ।

रूखको तल बस्यौं भने
पाउँछौं हामीले शितल छायाँ
छायाँ हुन्छ शितल जस्तै
आमाको माया ।

रूखमा हुन्छ हरिया र राम्रा पात
रूखले दिन्छ सबै प्राणीलाई सदैव साथ ।

जराले गाँसेको छ रूख
र माटोको सम्बन्ध
रूखमा फल्छन् धेरै फलफूल
रूखमा घर बनाई बस्छन् चराका हुल ।

हामी सबै मिली रूखको संरक्षण गरौं
हरियाली र शितलताले पृथ्वीलाई भरौं
यसैगरी बनाऔं सफा वातावरण
पृथ्वीको नास नहोस्, हाम्रो कारण ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौँडा-४*

# नेपालको अवस्था



**✍रचित सोडारी**

हाम्रो देशका नेताहरू गर्छन् भ्रष्ट्राचार
भ्रष्ट्राचारी नेताले गर्दा युवाहरू छन् धेरै बेरोजगार
हाम्रो देशका जनतामा छ धेरै दुःख
नेताहरू चाहिँ जनताको पसिना सोसेर आफू हुन्छन् सुख ।

नेताहरू जनताका पैसा लुटेर चढ्छन् महङ्गा गाडी
हामी जनता चाहिँ पैसा कमाउन जानुपर्छ खाडी
विस्तारै देश हाम्रो हुँदैछ खाली
पराइ देशमा जाँदैछन् हाम्रा नेपाली दाजुभाइ ।

अस्पताल छन् तर उपचार राम्रो छैन यहाँ
बिचरा बिरामी, असहाय र बुढापाका जान्छन् कहाँ
अब देशबाट भ्रष्ट्राचार हटाउनै पर्छ
भ्रष्ट्राचारी नेताले सजाय पाउनै पर्छ ।

अब जनताहरू सुत्ने छैनन् तबसम्म
न्याय खोज्ने आगो बल्दैन जबसम्म
सपनाको देश बनाउने समय आयो अब
भ्रष्ट्राचार विरुद्ध लड्ने समय भयो अब ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौँडा-४*

# उज्यालो पर्खिरहेका क्षितिजहरू



**✍दिलीप श्रेष्ठ**

हो.. म त्यो उज्यालोको कुरा गर्दै छु
जुन उज्यालो चाहे
बिहानीको कलिलो किरणबाट फैलिएको होस्
चाहे भित्र हृदयको किनारबाट फैलिएको होस् ।
निस्पट्ट कालो अँध्यारोलाई
पराजित गर्ने भनेको उज्यालो नै हो
त्यसैले समयका क्षितिजहरू
निरन्तर उज्यालोको प्रतीक्षामा हुन्छन् ।
र भुईंसम्म झरिसकेको
उज्यालोप्रति सजग पनि हुन्छन्
किनभने उज्यालो पराजित हुनु भनेको
फेरि अँध्यारो नै हुनु हो ।

म चाहन्छु त्यो उज्यालो थेग्न
तिम्रो कोमल छाती पहराजस्तो होस्
शिखरझैं आफू पग्लिएर बग्न सक्ने
कलकल छहराजस्तो होस् ।
एउटा युग नहाँसेको
पिताको ओठमा मुस्कान दिन सक्ने होस्
काखको अतीत बिर्सिएकी
आमाको हृदयमा खुसी दिन सक्ने होस् ।

हो.. म त्यो उज्यालोको कुरा गर्दै छु ।

*(स्रोत: साहित्यपोष्ट)*

# अन्धा समाज



**✍बिनिता परियार**

एउटै समाजमा बस्ने हामी
म बन्दकोठामा छु, तड्पिरहेको
कुनै डर नमानी समाजमा
ऊ स्वतन्त्र भई बाँचिरहेको ॥

बलात्कृत हुने ममा दागै दाग छ
घृणित भएको छ, इज्जत गुमाए भनी
गल्ती उसको भेटाउँदैन समाजले
पवित्र र सफा छ ऊ अझै पनि ॥

पीडितलाई अझै पीडा थपिदिने समाज
यातनावादी झैं लाग्छ मलाई
बलात्कार गर्नेलाई देउ सजाय
न्याय दिने काम गर बरु मलाई ॥


कपडाले ढाकी हिँडेकी छु मुहार
कसैले देख्छ कि भन्ने डरमा
लगाएको कपडा खोलिदिने ऊ
घुमी हिँडेको छ खुल्ला रुपमा ॥

बिना गल्ती सजाय भोग्नुपर्ने
परिवार, समाजमा बदनाम सहनुपर्ने
पुरुषले जे गरेपनि हुने समाजमा
पुरुषको गल्तीलाई अनदेखा गर्नुपर्ने ॥

किन दोषी निर्दोष ठहरिन्छन् जहिले
सधैं झैं मैले आवाज दबाउनुपर्ने हो र !
न्याय नपाएकै कारण न्याय पाउन
के मैले आफ्नो प्राण त्याग्नुपर्ने हो र !!

*कक्षा-१२, प्रगति मावि, हेटौँडा-९*

# चित्रकला





Prasanna Dhakal
Class-5, Navodaya Shishu Sadan,
Hetauda-4





Swarit Giri
Nursery, Navodaya Shishu
Sadan, Hetauda-4





Swapnil Giri
Class-4, Navodaya Shishu
Sadan, Hetauda-4

# म मरेको दिन



**✍सुमन राय**

म मरेको दिन,
आकाशले पनि रुन सिक्यो,
मेरो पीडाको गहिराइ देखेर
घामले पनि मुख लुकायो ।

हिजोसम्म हाँसो बोकेको म,
आज किन यति टुटें ?
सपना सजाएर हिँडेको
बाटोमा किन एक्लै लडें ?

म मरेको दिन,
आँखा मात्रै होइन,
मुटु नै रोइरहेको थियो,
तर त्यो रोदन कसैले सुनेन ।

आफ्नै भनिएका मान्छेहरू,
आज किन पराइ जस्तै भए ?
मेरो आँसु पुछ्ने हातहरू
किन बीच बाटोमै हराए ?

म मरेको दिन,
मेरो आशा पनि मरे,
अधुरा चाहना र यादहरू
नदी जस्तै बगेर गए ।

म बाँचेको जस्तो देखिएँ,
तर भित्र केही बाँकी थिएन,
सास त चलिरहेको थियो,
तर जीवनसँग सम्बन्ध थिएन ।

म मरेको दिन,
सायद कसैले थाहा पाएन,
किनकि म मुस्कुराइरहें,
तर भित्रभित्रै टुक्रिँदै गएँ....

आँसुका धारा रोकिएनन्,
मुटुको घाउ सुकिएन,
म मरेको दिनले मलाई
सधैंका लागि एक्लो बनायो...

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा-२*

# एसईई र आशा



**✍रित बहादुर श्रेष्ठ**

कापीका पानामा कोरिएका आशाहरू,
मसीसँगै बग्ने जिन्दगीका कथा,
एसईई केवल परीक्षा होइन,
यो त भविष्यउन्मुख पहिलो पाइला हो ।

त्याग्दै निद्रा रातभर पढिएका शब्दहरू,
सपना अनि आँखामा टल्किएका डर,
लुकेको हुन्छ हरेक उत्तरभित्र,
एक नयाँ बिहानीको उज्यालो भर ।

कहिलेकाहीँ छायाँ असफलताको आउँछ,
डगमगाउँछ मन, आँट हराउँछ,
तर सिकिन्छ त्यहीँबाट जीवन,
जहाँ हारले जितको बाटो देखाउँछ ।

एसईई केवल अंकको खेल होइन,
यो त आत्मविश्वासको यात्रा हो,
जहाँ हरेक प्रयासले भन्छ(
सक्छौ तिमी, अगाडि बढ ।

आफ्नो मिहिनेतमा भरोसा राख,
आँसुमा पनि मुस्कान खोज,
किनकि एसईई सकिएपछि,
जीवनको असली परीक्षा सुरु हुनेछ ।


## शिक्षक आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/१२/२५)*

बागमती गाउँपालिका झुरझुरे, मकवानपुरको मिति २०८२/१२/२४ गते चलानी नं. १७६९ को प्राप्त अनुमती पत्रानुसार २०८२/१२/२२ गते बसेको वि.व्य.स. को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रीतपूर्वक दरखास्त आव्हान् गरिन्छ ।

**तपशिल**

**१. विज्ञापन नं. : ०२/२०८२/०८३**
२. पद : नि.मा.वि. (गा.पा. अनुदान शिक्षक)
३. विषय : विज्ञान
४. संख्या : १ (एक)
५. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६ परीक्षा दस्तुर : १,०००/– (एक हजार रुपैंया मात्र । )
७. शैक्षिक योग्यता : मूल विषय विज्ञान लिई प्रविणता प्रमाण–पत्र तह उत्तीर्ण गरेको ।
८. तलब सुविधा : गा.पा. बाट तोकिए बमोजिम ।
९. छनोटको किसिम : लिखित तथा अन्तरवार्ता (आवश्यकता अनुसार प्रयोगात्मक समेत ।)
१०. दरखास्त दिने अन्तिम मिति : २०८३/०१/०२ गते अपरान्ह ४:०० बजे ।
११. सम्पर्क मिति : २०८३/०१/०३

**१२. आवश्यक कागजातहरू:**
क) नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपी – २ थान ।
ख) शैक्षिक योग्यताको प्रमाण–पत्रको प्रतिलिपी– २ थान ।
ग) अध्यापन अनुमति पत्र (अनिवार्य नभएको)

**नोट** : माथिल्लो योग्यता भएको उम्मदवारलाई प्राथमिकता दिइनेछ ।
सम्पर्क : ९८४५६३७८०९ (अध्यक्ष), ९८४५६३७६९० (प्र.अ)

**श्री ज्ञानमन्दिर आधारभूत विद्यालय**
**बागमती–३, गढन, मकवानपुर**



## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**१२ कक्षा उत्तीर्ण गरेपछि राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त प्रमोद न्यौपानेको माइग्रेसन सर्टिफिकेट (सिम्बोल नं. २३१०१५६२, रजिष्ट्रेसन नं. ७३३१०३५६१) मिति २०८२ फागुन १७ गते हेटौँडा बजारबाट जिल्ला प्रशासन कार्यालय मकवानपुरसम्म जाने क्रममा हराएको हुँदा कहीँ, कतै पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा फोन गरी जानकारी गराइदिनुहुन अनुरोध छ ।**

**सम्पर्क : ९७६३७७८३९५**



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**



## डढेँलो नियन्त्रण गरौँ, जीवन र वन जोगाऔँ सम्बन्धी सूचना

- सुख्खा मौसममा डढेँलो लाग्न सक्छ,
- डढेँलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पर्न सक्छ, त्यसैले डढेँलोबाट जोगिन :
- वन क्षेत्रमा आगो नबालौँ,
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
- चुरोट, बिँडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौँ,
- डढेँलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौँ,
- डढेँलो बिरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
- वन संरक्षणमा योगदान दिऔँ ।

**वन तथा वातावरण मन्त्रलालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौँडा, मकवानपुर**



## शिक्षक आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/१२/२५)*

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८२/१२/२४ गते च.नं. १७७० को प्राप्त शिक्षक नियुक्ति विज्ञापन अनुमति पत्रअनुसार २०८२/१२/२१ गते बसेको वि.व्य.स. को बैठकको निर्णय बमोजिम यस विद्यालयमा रिक्त रहेको तपशिल बमोजिमको शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त आव्हान् गरिन्छ ।

**तपशिल**

**१. विज्ञापन नं. : ०२/२०८२/०८३**
२. पद : नि.मा.वि. (गा.पा. अनुदान करार शिक्षक)
३. विषय : गणित
४. संख्या : १ (एक)
५. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. परीक्षा दस्तुर : १,०००/- (एक हजार रुपैयाँ मात्र । )
७. शैक्षिक योग्यता : मूल विषय गणित लिई प्रविणता प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको ।
८. तलब सुविधा : गाउँपालिकाबाट तोकिए बमोजिम ।
९. छनोटको किसिम : लिखित तथा अन्तरवार्ता (आवश्यकता अनुसार प्रयोगात्मक समेत ।)
१०. दरखास्त दिने अन्तिम मिति : २०८३/०१/०२ गते
११. सम्पर्क मिति : २०८३/०१/०३ गते

**१२. आवश्यक कागजातहरू:**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
ग) अध्यापन अनुमतिपत्र (अनिवार्य नभएको)
१३. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।

**नोट** : माथिल्लो योग्यता भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
सम्पर्क : ९८५५०७२०७२/९८४९१६२७७२
Email: bagamati2032@gmail.com

**श्री बागमती माध्यमिक विद्यालय**
**बागमती गाउँपालिका–२ राईगाउँ, मकवानपुर**

# आठौं बागमती गोल्डकप बैशाख तेस्रो साता




समाज संवाददाता

हेटौँडा : आठौँ बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता बैशाखको तेस्रो सातादेखि सुरु हुने भएको छ । बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता आउँदो बैशाख १७ गतेदेखि २६ गतेसम्म सञ्चालन हुनेछ ।

मंगलबार पत्रकार सम्मेलन आयोजना गरेर आयोजकले प्रतियोगिताबारे जानकारी गराएको छ । प्रतियोगितामा 'ए' डिभिजन फुटबल क्लबहरुको सहभागिता रहनेछ । प्रतियोगिता बागमती-४, भुरभुरेस्थित सहित स्मृति रङ्गशालामा सञ्चालन हुनेछ । ललितपुरको चर्च ब्वाइज युनाइटेड क्लब र फ्रेन्ड्स क्लब, काठमाडौंको मच्छिन्द्र क्लब, एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब र प्लानिङ्ग फुटबल क्लब, सर्लाहीको बागमती युथ क्लब, बाराको जीतपुर सिमरा क्लब, मलेसियाको पेनाङ्ग फुटबल क्लब र एउटा आयोजक टिम गरी १० टोलीले प्रतियोगितामा सहभागिता जनाउने छन् ।

प्रतियोगिताको उपाधि विजेता टोलीले १० लाख र उपविजेता टोलीले ५ लाख रुपैयाँ नगद पुरस्कार पाउनेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीका लागि १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीका लागि २५/२५ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । म्यान अफ द म्याच हुने खेलाडीका लागि पनि १० हजार रुपैयाँ पुरस्कारको व्यवस्था रहेको छ ।

प्रतियोगिता सञ्चालनमा कुल ७७ लाख ७३ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएकोमा बागतमी गाउँपालिकाले प्रतियोगिताका लागि ५० लाख रुपैयाँ विनियोजन गरेको छ । प्रतियोगिता सञ्चालनका लागि आवश्यक रकम प्रवेश शुल्क टिकटबाट ९ लाख ५० हजार, विभिन्न स्थानीय तहहरुबाट ८ लाख र उद्योगी, व्यवसायी तथा संघ, संस्थाहरुबाट १० लाख २३ हजार रुपैयाँ संकलन हुने आयोजकले अनुमान गरेको छ । गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष रहर सिं थिङको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा गाउँपालिका अध्यक्ष सर्केश घलान, बकैया-४ का वडाध्यक्ष दन्तलाल माझी, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको उपस्थिति रहेको थियो ।

# परीक्षा लगत्तै घरदैलो गर्दै शिक्षक

समाज संवाददाता

हेटौँडा : हेटौँडाका सामुदायिक विद्यालयहरु भर्ना अभियानका लागि घरदैलो कार्यक्रम गर्ने सुरु गरेका छन् । सामुदायिक विद्यालयहरुले अनिवार्य घरदैलो कार्यक्रम गर्नेपर्ने नीतिअनुरुप विद्यालयहरुले वार्षिक परीक्षा सकिएसँगै भर्ना अभियानका लागि घरदैलो अभियान सुरु गर्न लागेका हुन् । अधिकांश विद्यालयहरु वार्षिक परीक्षाको नतिजापछि मात्र घरदैलो कार्यक्रममा जाने तयारीमा छन् भने केही विद्यालयले घरदैलो कार्यक्रमलाई महत्व दिँदै नतिजा अघि नै शूरु गरिसकेका छन् ।

हेटौंडा-७ स्थित नवज्योति माविले आज बुधबारदेखि घरदैलो कार्यक्रम गर्ने तयारीमा रहेको छ । नतिजा प्रकाशन गर्नुअघि घरदैलो गर्न नभ्याइने भएकोले बुधबारदेखि घरदैलो गरिने विद्यालयका प्रधानाध्यापक उपेन्द्र पौडेलले जानकारी दिनुभयो । यस वर्ष विद्यालयमा करिब २ सय विद्यार्थीहरुले परीक्षा दिएको उहाँको भनाइ छ । विद्यालयमा बस सुबिधा तथा अंग्रेजी माध्यममा पठनपाठन लगायतका विद्यालयका सुबिधाबारे जानकारी गराउँदै बैशाख पहिलो सातासम्म नै घरदैलो रुपमा अभिभावक तथा बिद्यार्थी भेट्ने कार्यक्रम गरिने प्रधानाध्यापक पौडेलको भनाइ छ । यसअघि पनि परीक्षा समयमा विद्यार्थीको घरदैलो कार्यक्रम गरिएको बताउँदै पौडेलले परीक्षाको कारण बीचमा घरदैलो बन्द गरिएको बताउनुभयो । यस विद्यालयमा केही वर्षदेखि निरन्तर विद्यार्थी संख्या घट्दै गएकोप्रति स्थानीय तथा विद्यालय प्रशासन चिन्तित रहेका छन् । यसैले यस वर्षको घरदैलो प्रभावकारी बनाई १ सय जना विद्यार्थीहरु भर्ना अभियानमार्फत थप्ने लक्ष्य रहेको पौडेलले उल्लेख गर्नुभयो ।




घरदैलो अभियानमा खटिएका श्रमिक माविका शिक्षक, कर्मचारी, विद्यार्थी ।

यस्तै हेटौँडा-१२ स्थित प्रतिभा आधारभूत विद्यालयले पनि वार्षिक परीक्षाको नतिजापछि नै घरदैलो अभियान चलाउने जनाएको छ । विद्यालयकी प्रधानाध्यापक सविना लामाले हाल विद्यालयमा डेढ सयको हाराहारीमा मात्र विद्यार्थीहरु उत्तिर्ण भएको पाइएकोले घरदैलो कार्यक्रम प्रभावकारी रुपमा गर्ने बताउनुभयो । विद्यालयले सबै बिद्यार्थीहरुलाई एक सेट पोसाक वितरण गर्ने गरिएको तथा यस वर्षबाट कक्षा ५ सम्म अंग्रेजी माध्यममा पठनपाठन गर्ने उद्देश्य अनुरुप विद्यार्थी संख्या बढाउने विद्यालयको लक्ष्य रहेको बताउनुभयो । उहाँले पनि वार्षिक परीक्षाको नतिजा तयारीले गर्दा तत्काले भर्ना अभियान तथा घरदैलो कार्यक्रम गर्न नसकिएको बताउनुभयो ।

हेटौँडा-४, कर्रास्थित श्रमिक माविले भने वार्षिक परीक्षाफल प्रकाशन नगर्दै घरदैलो अभियान सुरु गरिसकेको छ । विद्यालयले गत चैत्र १९ गतेबाट नै घरदैलो सुरु गरिसकेको छ । हाल विद्यालयमा ७ सय ८२ जना विद्यार्थीहरु नियमित रहेका छन् । शैक्षिक सत्र २०७८/०७९ मा यस विद्यालयमा २ सय ५० जना मात्र विद्यार्थीहरु अध्ययन गर्दथे । भर्ना अभियानकै क्रममा अधिकांश अभिभावकहरुले घरदैलोपछि मनस्थिति परिवर्तन गरी श्रमिक माविमै आफ्ना बालबालिकालाई भर्ना गर्ने गरेको विद्यालयका सहायक प्रधानाध्यापक गोपीरमण प्याकुरेलको अनुभव छ । आफ्नो विद्यालयमा रहेका गुणस्तर तथा सुबिधाबारे जानकारी दिन शिक्षकहरु घरदैलो नगए अभिभावकहरु भ्रममा पर्ने वा जानकारी प्राप्त नहुँदा बिद्यालयप्रति नकारात्मक सोच राख्ने गरेको तर घरदैलोले यस्ता भ्रम चिरेर सही सूचना अभिभावकसँग पुऱ्याउन सहयोग पुग्ने समेत उहाँले दावी गर्नुभयो ।

यस विद्यालयले घरदैलोलाई प्राथमिकता दिँदै गत वर्ष पनि चैत्र १८ गतेबाटै घरदैलो सुरु गरेको विद्यालयले श्रमिक पूर्व क्रियाशील विद्यार्थी समूह मार्फत वार्षिक २५ जना गरिब तथा जेहेन्दार बिद्यार्थीहरुलाई छात्रवृत्ति सुबिधा ददै आएका जानकारी दिँदै यसले अभिभावकहरु खुशी भएको बताउनुभयो । यो विद्यालयको क्षेत्रमा अस्थायी रुपमा भाडामा बसोबास गर्ने अभिभावकहरुको सँख्या धेरै रहेकोले बिद्यालय छोड्ने सँख्या अधिक भएपनि प्रतिवर्ष विद्यार्थी संख्या बढेरै गएकोले विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा फर्काउन पनि घरदैलो नै उत्तम विधि भएको प्याकुरेलले उल्लेख गर्नुभयो । उहाँले आफ्नो विद्यालयले हरेक बर्ष चैत्र आधादेखि बैशाख आधासम्म करिब १ महिना नै घरदैलो गर्ने गरेको बताउनुभयो ।

# एसईई-२०८२ सामाजिक विषयमा १०५ जना अनुपस्थित

समाज संवाददाता

हेटौँडा : माध्यमिक शिक्षा परीक्षा (एसईई)-२०८२ अन्तर्गत मंगलबार भएको अनिवार्य सामाजिक अध्ययन विषयको परीक्षामा मकवानपुर जिल्लामा १ सय ५ जना परीक्षार्थी अनुपस्थित भएका छन् । परीक्षामा ५ हजार ६ सय ३६ जना परीक्षार्थी उपस्थित हुँदा १ सय ५ जना अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरले जानकारी दिएको छ ।

परीक्षामा नियमित परीक्षार्थीहरुमध्ये साधारणतर्फ ५ हजार २८९ जना उपस्थित र ७५ जना अनुपस्थित भएका छन् भने प्राविधिक धारतर्फ १७९ जना उपस्थित हुँदा ३ जना अनुपस्थित भएका छन् । यस्तै ग्रेडवृद्धितर्फ १ सय ६८ जना उपस्थित हुँदा २७ जना अनुपस्थिगत भएका छन् । मकवानपुरमा २८ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भइरहेको छ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म भइरहेको छ । चैत १९ गतेबाट सुरु भएको परीक्षा आउँदो आईतबारसम्म चल्नेछ ।

# सात पर्यटकको मृत्यु

मुस्ताङ : हिमाली जिल्ला मुस्ताङमा पर्वतीय 'हाई अल्टिच्युड' का कारण लेक लागेर चार विदेशी नागरिकसहित सात जनाको मृत्यु भएको छ । चालु आर्थिक वर्षको गत भदौ २२ देखि यही चैत २० गतेसम्म यहाँ भ्रमणमा आएका पर्यटकमध्ये छ पुरुषसहित एक महिला पर्यटकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक ईश्वर महतका अनुसार मृत्यु हुनेमा भारतका तीन पुरुष र मेक्सिकोका एक गरी चार पर्यटक रहेका छन् । यसरी मृत्यु हुनेमा ४१ वष उमेर समूहदेखि ७५ वर्ष उमेर समूहका रहेका छन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार चालु आवको २२ भदौमा मुक्तिनाथमा लेक लागेर वेलगार्व, उदार खुर्द, कर्नाटक भारतका ७१ वर्षीय आन्नद माधवाराओ देशपाण्डेको मृत्यु भएको थियो । गत असोज २४ गते महालक्ष्मी नगरपालिका-४ इमाडोल ललितपुरका ७५ वर्षीय माधवप्रसाद शर्मा उप्रेतीको घर पभ्कोङ-४ जोमसोममा लेक लागेर मृत्यु भएको थियो । यसैगरी कात्तिक ९ गते सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-८ घर भएका ५० वर्षीय जगतबहादुर तिमिल्सिनाको घरपभ्कोङ-२ मार्फामा लेक लागेर मृत्यु भएको प्रहरी निरीक्षक महतले जानकारी दिए । यस्तै, कात्तिक २२ गते ६१ वर्षीय भारतीय पर्यटकको घरपभ्कोङ-३ स्थित एक होटलमा, पुस १२ गते ७४ वर्षीय भारतीय पर्यटक चन्द्रकान्त श्रपत तम्बोकरको मुक्तिनाथ रानीपौवामा लेक लागेर मृत्यु भएको थियो । यसैगरी, यही चैत १७ गते मेक्सिकोका ६७ वर्षीय फेडेरिको लोपेज क्याम्बाको थासाङ गाउँपालिका-१ टुकुचेस्थित पक्की पुल नजिक लेक लागेर मृत्यु भएको थियो भने चैत २० गते ठोरी गाउँपालिका-४ पर्साकी ४१ वर्षीय सरिता बुढाथोकीको मुक्तिनाथ मन्दिरमा लेक लागेर मृत्यु भएको प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

रासस/अनलाइनखबर ।

# राक्सिराङमा एकीकृत घुम्ती शिविर सम्पन्न

समाज संवाददाता

हेटौँडा : राक्सिराङ गाँउपालिकाले बृहत एकीकृत घुम्ती शिविर अन्तर्गत वडा न ८ मा विविध कार्यक्रम गर्दै सम्पन्न गरेको छ । सोमबार पालिकाले विविध कार्यक्रमहरु गर्दै शिविरको समापन गरेको छ । सोमबार देवीटार, गोङर्याङ, पाङथली हुँदै सिलिङ्गे जोड्ने कच्ची सडक उद्घाटन गरिएको छ । शिविरकै अवसरमा ३ वटा सडक अनुगमन गरिएको पालिकाले जनाएको छ । यस्तै कृषि तथा पशुपन्छी विकासका लागि १ सय ४१ जना कृषकहरुलाई घाँसको बीउ र औषधि वितरण गरिएको थियो । यस्तै १ सय ४१ जनालाई नै तरकारीको बीउ वितरण गरिएको छ । कृषि विकासकै लागि वडामा मिनि ट्रिलर २ थान वितरण गरिएको छ ।



एकीकृत घुम्ती शिविरअन्तर्गत देवीटार, गोङर्याङ, पाङथली हुँदै सिलिङ्गे जोड्ने कच्ची सडक उद्घाटन गरिँदै ।

यस्तै पालिकाले शिविर अन्तर्गत २ सय १५ जनाको स्वास्थ्य परीक्षण गरी आयुर्वेदिक औषधि वितरण गरिनुको साथै वडाका ५ जना अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता कार्ड वितरण गरिएको छ । यस्तै शिविर अन्तर्गत समस्यामा परेका तथा आगलागी तथा हुरीबतासबाट पीडित २ घरधुरीलाई ४ बन्डल जस्तापाता वितरण गरिएको पालिकाले जनाएको छ । यस्तै वडाका ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रम अन्तर्गत ६ जनालाई पोषणयुक्त खाद्यसामग्री वितरण, सुत्केरी महिलाहरुसँग भेटघाट तथा कोसेली वितरण गरिएको छ । साथै पालिकाद्वारा निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । स्वास्थ्य परीक्षण कार्याक्रममा वडाका २ सय २५ जनाले स्वास्थ्य परीक्षण गराएका छन् । त्यस्तै न्यायिक समितिले लैंगिक तथा घरेलु हिंसा र कानुनी उपचार सम्बन्धी वडास्तरीय कार्यक्रम सम्पन्न गरेको छ ।

'सेवा पाउने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नारासहित पालिकाले प्रत्येक वर्ष गर्दै आएको यस शिविरमा प्रतिवर्ष ४ वटा वडाहरुको दरले शिविर गर्दै आएको पालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिनुभयो । चालु आर्थिक वर्ष सुरु भएपछि गाँउपालिकाले वडा नम्बर १, ७, ८ र ९ मा यस्ता शिविरहरु सम्पन्न गरेको अध्यक्ष मल्लले जानकारी दिनुभयो । कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, प्रशासकीय प्रमुख सन्देश मास्के, वडा नम्बर ८ का वडा अध्यक्ष हविल प्रजा, बरिष्ठ शाखा अधिकृत गोविन्द अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

## जीतपुर-सिमरा क्रिकेट कप

# मकवानपुरको विजयी सुरुवात

समाज संवाददाता

हेटौँडा : बाराको जीतपुर-सिमरामा जारी तेस्रो जीतपुर-सिमरा क्रिकेट कप टि-२० प्रतियोगितामा मकवानपुर क्रिकेट क्लबले विजयी सुरुवात गरेको छ । मंगलबार आयोजक जीतपुर-सिमरा स्पोर्टस् क्लबलाई पराजित गर्दै मकवानपुरले प्रतियोगितामा विजयी सुरुवात गरेको हो ।

मंगलबार भएको खेलमा मकवानपुरले आयोजक जीतपुर-सिमरालाई ६ रनले पराजित गरेको छ । टस जितेर सुरुमा व्याटिङ गरेका मकवानपुरले जीतपुरसिमरा स्पोर्टस क्लबलाई १५३ रनको लक्ष्य दिएको थियो । मकवानपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १५२ रन बनाएको थियो । मकवानपुरका लागि गोकुल अधिकारीले ३५ रन, राजा अहमदले १९ र विशेष विक्रम थापाले १८ रन बनाए । जीतपुरका आशिफ शेख र रेहान जाकिरले समान २/२ विकेट लिएका थिए ।

जवाफी व्याटिङ गरेको जीतपुर-सिमरा स्पोर्टस् क्लबले निर्धारित २० ओभरमा ९ गुमाएर १४६ रन मात्रै बनाउन सक्यो । जीतपुर-सिमराका लागि राहुल यादवले अविजित ३५ रनको पारी खेले भने राहुल हकीले ३७ रन र विकास सर्राफले २६ रन बनाए । मकवानपुरका साकार गजुरेलले ३ विकेट, रोहित ठाकुर र विशाल फुयालले समान २/२ विकेट लिए । मकवानपुर क्रिकेट क्लब प्रतियोगिताको आफ्नो अर्को खेलमा बिहीबार चितवनसँग भिड्ने छ ।

जीतपुर-सिमरा स्पोर्टस् क्लबको आयोजनामा शनिबारदेखि सुरु भएको प्रतियोगितामा ६ वटा टोलीको सहभागिता रहेको छ । सहभागी टोलीहरुलाई दुई वटा समूहमा बाँडिएको छ । समूहमा 'ए' मा मकवानपुरसँगै, चितवन र आयोजक टिम रहेको छ भने समूह 'बि' मा बारा, पर्सा र सर्लाही रहेको छ । दुवै समूहका विजेता बीच आउँदो शनिबार प्रतियोगिताको फाइनल खेल हुनेछ । प्रतियोगिताको उपाधि विजेता टोलीले २ लाख र उपविजेता टोलीले १ लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

## जनयुद्धको उपलब्धि...

यिनीहरूको मूल चरित्र भनेको श्रमविहीन समृद्धि र जोखिमविहीन सुख-सयलको खोजी हो । बिनापरि श्रम, बिनालगानी र बिनासङ्घर्ष नै जीवनका सबै आवश्यकताहरू पूरा हुनुपर्छ भन्ने मनोविज्ञान यिनीहरूको मूल प्रेरणा हो ।

बिचौलियाहरूको सबैभन्दा खतरनाक विशेषता भनेको तिनीहरुको अनुकूलन क्षमता हो । कुन नेतालाई के मन पर्छ, कसरी प्रसन्न पार्न सकिन्छ, कसलाई गाली गर्दा 'मालिक' खुसी हुन्छ-यी सबै सूक्ष्म मनोविज्ञानमा यिनीहरू पारङ्गत हुन्छन् । यस अर्थमा यिनीहरू केवल अवसरवादी मात्र होइनन्, सत्तावरिपरि घुम्ने मनोवैज्ञानिक कलाकार पनि हुन् ।

बाहिरबाट हेर्दा यिनीहरूमा केही बौद्धिकता देखिन्छ-भाषण गर्न जान्ने, तर्क गर्न सक्ने, विचारका टुक्राहरु मिलाएर प्रस्तुत गर्न सक्ने । तर त्यो बौद्धिकता स्वतन्त्र र सिर्जनात्मक होइन, बरु परनिर्भर र स्वार्थकेन्द्रित हुन्छ । यिनीहरूको सोच आत्मनिर्भर नभई 'मालिक'को स्वार्थअनुसार ढल्किने खालको हुन्छ ।

यही कारणले गर्दा, बिचौलिया वर्गको कुनै स्थायी वर्गीय पहिचान हुँदैन । आज एउटा पक्षमा देखिने यिनीहरू भोलि अर्को पक्षमा सजिलै सरिहाल्छन् । न त यिनीहरुको आफ्नै स्पष्ट विचारधारा हुन्छ, न त स्थिर प्रतिबद्धता । यिनीहरुका लागि सिद्धान्तभन्दा अवसर ठूलो हुन्छ र आन्दोलनभन्दा व्यक्तिगत लाभ प्राथमिक हुन्छ ।

यिनीहरूको अर्को गम्भीर पक्ष भनेको एकता र आन्दोलनप्रति विरोधी भूमिका हो । जब पनि कुनै इमान्दार बहस उठ्छ, यिनीहरूले त्यसलाई दबाउने प्रयास गर्छन् । जब कुनै सही आलोचना आउँछ, त्यसलाई 'अवज्ञा' वा 'द्रोह'को नाम दिन्छन् । यसरी यिनीहरु आन्दोलनभित्रको स्वस्थ संवादलाई कमजोर बनाउँछन् र नेतृत्वलाई वास्तविकताबाट टाढा राख्छन् ।

वास्तवमा, बिचौलिया वर्ग आन्दोलनका लागि बाह्य शत्रुभन्दा पनि खतरनाक हुन्छ । किनकि बाह्य शत्रु स्पष्ट देखिन्छ, चिनिन्छ र त्यसविरुद्ध लड्न सकिन्छ । तर बिचौलिया वर्ग भित्रै बसेर, मित्रको आवरणमा, आन्दोलनको आत्मालाई कमजोर बनाउने काम गर्छ ।

आजको आवश्यकता: यस्ता प्रवृत्तिहरूको पहिचान गर्ने, इमानदार र श्रमशील शक्तिहरूलाई सङ्गठित गर्ने, र आन्दोलनलाई पुन: मूल्य, आदर्श र जनताको पक्षमा उभ्याउने । किनकि, जबसम्म बिचौलिया मानसिकता हाबी रहन्छ ।

कुनै पनि क्रान्ति आफ्नो लक्ष्यसम्म पुग्न सक्दैन र इतिहास फेरि त्यहीँ दोहोरिन्छ, जहाँबाट सङ्घर्ष सुरु भएको थियो । अब प्रश्न उठ्छ, यस अवस्थाको जिम्मेवारी कसले लिने ? को हो साँचो नेता ? नेता त्यो होइन, जो सत्तामा पुगेपछि आफ्ना आदर्श बिर्सन्छ । नेता त्यो होइन, जो जनताको नाममा व्यक्तिगत समृद्धि खोज्छ । साँचो नेता त्यो हो, जसले सत्य बोल्ने साहस राख्छ, आफ्नै कमजोरी स्वीकार गर्ने इमानदारिता देखाउँछ र जनताको पक्षमा उभिने दृढता राख्छ ।

आज आवश्यक छ: आत्मसमीक्षा, इमानदार बहस र मूल्यमा आधारित पुनर्निर्माण । चाकडी, चाप्लुसी र बिचौलिया प्रवृत्तिबाट मुक्त राजनीतिक संस्कार । र, सबैभन्दा महत्वपूर्ण- जनताको विश्वास पुन: जित्ने प्रतिबद्धता । यदि नेतृत्वले अब पनि इमान्दार उत्तर दिन सकेन भने, इतिहासले फेरि नयाँ विकल्प खोज्नेछ । किनकि जनताको चेतना कहिल्यै मर्दैन, त्यो केवल केही समयका लागि मौन हुन्छ ।

(स्रोत: रातोपाटी)

# हेटौँडा अस्पतालमा ४ वटा शल्यक्रिया कक्ष निर्माण



हेटौँडा अस्पतालमा तयार हुँदै गरेको शल्यक्रिया कक्ष ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा अस्पतालमा एकैपटक ४ वटा शल्यक्रिया कक्ष (अपरेशन थिएटर) निर्माण भइरहेको छ । यसअघि अस्पतालमा २ वटा मात्र अपरेशन थिएटर सञ्चालनमा रहेकोमा दुइवटा मोडुलर थिएटर सहित ४ वटा थिएटर निर्माण भई सञ्चालन हुन लागेका हुन् ।

हाल एकपटकमा दुइजनाको शल्यक्रिया गर्न सकिने अवस्था र हेकोमा यि थिएटरहरु सञ्चालनमा आएपछि एकै पटकमा ४ जनाको ठूला शल्यक्रिया गर्न सकिने हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभयो । अस्पतालले हालसम्म शल्यक्रिया कक्षको आधारभूत निर्माण गरिसकेको छ भने शल्यक्रिया प्रक्रियाका लागि आवश्यक बत्ती, टेबल, बेड लगायतका उपकरणहरु भने जडान गर्न बाँकी रहेको डा. सापकोटाले स्पष्ट पर्नुभयो ।

अबको ३ हप्तामा सामग्रीहरु जडान भई सञ्चालनमा आउने अपेक्षा अस्पताल प्रशासनको छ । हाल निर्माणाधिन रहेको २ वटा मोड्युलर कक्षहरुमा शल्यक्रिया गर्दा इन्फेक्सनको डर रहँदैन भने यस शल्यक्रिया कक्षको सजावट तथा बनावट मोड्युलर किसिमले गरेको हुँदा अन्य भन्दा फरक देखिन्छ । यसको अत्याधुनिक सुविधासहित पूर्णरुपमा निर्माण गर्न ३ करोडसम्म लाग्ने अनुमान गरिएको र हाल पुरानो शल्यक्रिया कक्षबाट नै सामग्रीहरु स्थान्तरण गरी जडान गर्दै अघि बढ्ने र वार्षिक रुपमा थप सुविधासहित शल्यक्रिया कक्षको विकास गर्दै जाने पनि डा. सापकोटाले बताउनुभयो ।

**पानीका स्रोतको संरक्षण गरौँ, जैविक विविधता जोगाऔँ ।**

- खानेपानीका स्रोतको संरक्षण गरौँ,
- पानीको दुरुपयोग रोकौँ र आवश्यक मात्र प्रयोग गरौँ,
- धारा खुला छोड्ने बानी त्यागौँ,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौँ,
- नदी, ताल, पोखरीको संरक्षण गरौँ,
- प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔँ,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौँ,
- पानीजन्य रोगबाट बँच्न सरसफाईमा ध्यान दिऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ